

# कौवा र सुन्दरी परेवी

एउटा सानो कालो टाटो पाटन सहरनजिकैको बाँसघारीको सोझैमाथि साँझपखको आकासमा देखा पऱ्यो। त्यो टाटो तल-तल खस्तै जाँदा सानो डल्लोजस्तो देखियो। झन्-झन् तल झर्दा त्यो एउटा चरो रहेछ भन्ने प्रस्ट भयो। पखेटा नखोलीकन चरो आकाशबाट ढुङ्गोझैँ खसिरहेको थियो।

खस्ता-खस्ता बाँसघारीमा बज्रिनै लागेको थियो। त्यति नै बेला त्यस चराका पखेटा खुले र बाँसका टुप्पाहरूलाई छलेर सुइँयँ उड्दै त्यसले आफूलाई बचायो। त्यसपछि खेत र घरका छानामाथि पखेटा फिँजाएर बिस्तारै उड्दै बाँसघारीछेउको एउटा नास्पातीको रूखतिर सोझियो र एउटा हाँगामा त्यो उत्रन पुग्यो।

कालो चरो त्यसरी हाँगामा उत्रँदा पहिल्यैदेखि बसिराखेकी परेवीसित ठक्कर खायो। "उफ् !" भनेर झर्कंदै परेवी अलिक पर्तिर सरी। उसलाई कालो चराको ताल मन परेन।

खैरा प्वाँखका डोरो घाँटीवरिपरि भएको त्यो कालो चरो भने लाज मान्ने खालको थिएन। परेवीलाई ऊ ठोक्किन आएको मन परेन भन्ने कुराको वास्तै नगरी उसले आफ्नो परिचय दिन थाल्यो, "कस्तो हुनुहुन्छ ? मेरो नाम कौवा। हुनत जातले म 'ज्याक-ड' चरो हुँ। तपाईंको नामचाहिँ के हो ?"

"जति हत्ते गरे पनि म भन्दिनँ मेरो नाम, तिमीजस्ता सोमत नभएकालाई !"

कौवाले नबुझेजस्तो गरी भन्यो, "म ? सोमत नभएको ? त्यस्तो त होइन होला ! कसरी म सोमत नभएको भएँ, भन्नुस् त ?"

"तिमी सुन्न सक्छौ ? त्यसो भए सुन," परेवीले जवाफ दिई । "चाराको खोजीमा मैले पूरै पाटन सहरको चक्कर मार्नुपरेको थियो । दिनभरि उड्दा-उड्दा थाकेर म यहाँ सूर्यास्तको आनन्द लिँदै आफ्नै सुरमा बसिरहेकी थिएँ । कहाँबाट आएर तिमीले झन्डै मलाई तल खसालिदिएको ! हामी परेवाहरू भनेका कोमल प्रकृतिका चराहरू हौँ, तिमी कौवाहरूजस्ता होइनौँ । तिमीहरू त गँवार हौ, सधैँ क्याँ क्याँ र कूँ कूँ गरेर हल्ला मच्याउँछौ । छेउछाउका सबैलाई झिँझ्याउँछौ । मान्छेहरूसमेत तिमीहरूदेखि दिक्क मान्छन्, तिमीलाई थाहा छ ?"

परेवीलाई कौवाको मुखमा केही मुस्कान खेलिरहेजस्तो लाग्यो । ऊ एकछिन रोकिई । "अझै भनूँ ? कि पुग्यो ? धेरै पहिल्यैदेखि नै तिमीहरूजस्तालाई यो सब कुरा भन्न मन लागिरहेको थियो ।"

"होइन, होइन केही छैन, भन्दै जानुस् न बैनी ।"

"मलाई साइनो लाइरहन पर्दैन मिस्टर ! हाम्रो कुनै नाता परेजस्तो लाग्दैन ! म परेवी हुँ, सुन्दरी परेवी, बुझ्यौ ? तिमी कौवाहरू मांसाहारी हौ, अरूका मासु खान्छौ । हामी परेवीहरू त शाकाहारी हौँ, निरामिष । अर्को कुरा, तिमीहरू काला छौ । कालो रङ अन्धकार र दुष्टताको रङ हो ।"

यति भनेर परेवी केहीबेर शान्त भई ।

कौवाले सोध्यो, "तपाईंको भन्नु यत्ति हो, मिस सुन्दरी परेवी ?"

"छ, भन्ने कुरा थुप्रै बाँकी छ । ल सुन– हामीलाई मानिसहरू किन यतिबिघ्न माया गर्छन् भन्ने तिमीले बुझ्नुपर्छ । हामी

परेवाहरू सुग्घर, शान्त र सभ्य छौँ। त्यसै हुनाले मानिसहरू हामीलाई आफ्ना घरदलानमा बस्ने ठाउँ दिन्छन्। तिमी कौवाहरूलाई उनीहरू फोहोरी, गँवार र असभ्य ठान्छन्। त्यसैकारण कहिल्यै कुनै ओत पाउँदैनौ र तिमीहरूले बाहिर खुला ठाउँमा गुँड बनाउनुपर्छ। मानिस तिमीहरूदेखि घिनाउँछन्। तिमीहरूलाई देखे कि केटाकेटीहरू पनि ढुङ्गा हान्छन्। हामीलाई कहिल्यै त्यो गरेका देखेका छौ तिमीले? यस्तो किन होला भनी कहिल्यै सोचेका छौ?"

जति नै मिजासिलो देखिए पनि यो सब सुन्दै जाँदा कौवालाई झोक चल्न थालिसकेको थियो। परेवीले आफ्ना जातिका दुर्गुणहरूको गन्ती गर्दै जाँदा कौवालाई हुनसम्मको खसखस लागिरहेको थियो। ऊ घरी बायाँ खुट्टामा उभिन्थ्यो, घरी दायाँ खुट्टामा, घरी दिक्दारीमा टाउको हल्लाउँथ्यो र यताउति पल्याकपुलुक नजर फिराउँथ्यो। मनमनै ऊ सोचिरहेको थियो, "बडो बढ्ता हुनुपर्दो रहेछ यस परेवीलाई!"

तैपनि कौवाले सुन्दरी परेवीलाई रोकेन। उसका पखेटाहरू उसलाई "उडी जाऊ" भन्दै थिए, तर उसको दिमागले भने त्यहीँ बसेर परेवीसित कुरा गर, उसलाई सम्झाऊ, भनिरहेको थियो। त्यसो गरेर एउटा परेवालाई भए पनि केही बुद्धि त दिन सकिन्थ्यो।

कौवाले परेवीलाई छड्के आँखाले हेर्‍यो। मनको तीतो पोखिसकेर पनि परेवीको रिस अझै शान्त भइसकेको थिएनजस्तो देखिन्थ्यो। लामो सास फेरेर कौवा आफ्नो प्रत्युत्तर दिन थाल्यो।

"सुन्दरीजी, मलाई पनि केही बोल्ने मौका दिनुस् है। तपाईं परेवाहरू चाहिएभन्दा बढी नै मानिसहरूको मोहमा पर्नुभएको छ।

म त भन्छु यस धर्तीमा बस्ने हामी सबै प्राणीहरू बराबरी हौँ। हो, मानिसहरूलाई भाग्यमानी मान्नुपर्छ। किनभने प्राणीहरूको उत्पत्तिक्रममा मानिसहरूका टाउका तपाईं हाम्राभन्दा ठूला हुन पुगे। ती खप्परमा धेरै कुराहरू अटाउन सक्ने ठाउँ छ, त्यति हाम्रोमा छैन। तर यस पृथ्वीमा सबै प्राणीहरूको जिउने अधिकार भने उत्तिकै छ। टाउको ठूलो हुँदैमा उनीहरूको अधिकार पनि ठूलो भइहाल्दैन, बुझ्नुभो?"

"तिमी मानिसहरूका बारेमा मलाई किन सुनाउँछौ? तिमी आफ्नै जातिको कुरा गर न!" परेवीले भनी।

"सुन्नुहोस्, मानिसको कुरा गर्नु जरुरी छ। तपाईंले भन्नुभो मानिसहरू परेवालाई माया गर्छन् र कौवाहरूलाई चाहिँ मन पराउँदैनन्। तर यसले के फरक पार्छ, भन्नुस् त? हाम्रो आ-आफ्नै जीवन छ। फुल फुटाएर बाहिर निस्कनासाथ हामी आ-आफूले बाँच्नको लागि जे-जे जरुरी छ, त्यही गर्नुपर्छ। मानिसहरू किन कुनै जातका चराहरूलाई घृणा गर्छन् र कुनै जातकालाई मन पराउँछन् भन्ने हामीलाई के थाहा र के चासो? उनीहरूले माया गर्दैमा या नगर्दैमा परेवाहरू असल हुन् र कौवाहरूचाहिँ खराब हुन् भन्ने कुरा आउँछ र?"

"त्यो त होला," सुन्दरी परेवीले सोच्दै भनी, "तर मेरो त सातै उड्यो। तिमी यस हाँगामा बस्न आउँदा तिमीले मलाई कति साह्रो धक्का दियौ नि!"

कौवाले जवाफ दियो, "बहिनी, त्यसका लागि म माफी माग्छु। कुरो के भने म माथिबाट आफ्नो गुँडमा उत्रने नयाँ तरिकाको अभ्यास गर्दै थिएँ। मेरो गुँड ऊ त्यहाँ बाँसघारीमा छ। अरू चराहरू जसरी उड्छन्, त्यसरी नै उड्दा-उड्दा मलाई

वाक्क लागिसक्यो। आज बिहान केही खानेकुरा पाइन्छ कि भनेर म बागमती नदीतर्फ गएको थिएँ। घर फर्कने बेला मलाई धेरैमाथि जान मन लाग्यो। अकासिँदै जाँदा म सहरको होहल्ला र धूवाँधूलोको पत्रभन्दा माथि पुगेछु। त्यहाँमाथि त हावा पनि चिसो र स्वच्छ रहेछ। देशको एक कुनाबाट अर्को छेउसम्म क्षितिजमा वारपार चम्किला हिमालहरू देखिने। उड्दै यस बाँसघारीको ठीक मास्तिर आइपुगेपछि मैले नयाँ तरिकाले स्वाट्टै तल गुँडमा झर्ने तरिका विचार गरेँ। मैले आफ्ना पखेटालाई नफिँजाई जीउमै ट्याप्प पारेर राखेँ अनि ह्वात्तै तल झरिहालेँ। क्या गजबको अनुभव भयो! म नयाँ कुरा गरेर मख्ख थिएँ। त्यसै हुनाले यस हाँगामा बस्न आउँदा मलाई उति होस भएन। मैले तिमीलाई तर्साएछु, माफ गर है!"

"ठीक छ, ठीक छ। एउटा भद्र परेवा भएकीले मैले तिमीलाई माफ गरिदिएँ।" सुन्दरी परेवीले भनी। "तर तिमी कौवाहरू मांसाहारी भएकोमा चाहिँ तिम्रो भन्नु के छ? तिमीहरूले कसरी मासु खान सकेका, छिः!"

"ए बहिनी, तिमीलाई हामीबारे भ्रम रहेछ। पहिलो त, हामीलाई मांसाहारीमात्र भन्न मिल्दैन। हामी सर्वभक्षी हौँ। हो, म सबै प्रकारका मासु खान्छु, तर त्यसका साथै तिमी परेवाहरू जे-जे खान्छौ ती सबै थोक पनि खान्छु। मेरो अघिल्तिर केक, रोटी, भात, खुर्सानी, पाकेको केरा, जे-जे राख्छौ राख, म सबै चट पारिदिन्छु। मलाई मरेको मुसो होस् अथवा रेस्टुराँबाट मिल्काइएका जुठो-पुरो, कुखुराको फिला, मसाला होस्, जेसुकै देऊ, हसुरिदिन्छु। हाम्रो पेट यति बलियोसित बनेको छ कि यसले जे पनि सजिलै पचाइदिन्छ। यसप्रकार मजस्ता हजारौँ कौवाहरूले



पाटन सहरलाई सफा राख्न मदत पुऱ्याएका छन्, तिमीलाई यो कुरा थाहा छ कि छैन ? हामी भएनौँ भने यो सहर दुर्गन्धले भरिएर कोही पनि बस्न नसक्ने हुन्छ। ती ठूला खप्पर भएका मानिसहरूले पनि यो कुरा राम्ररी बुझ्नुपर्ने हो। तर के गर्नु ! उनीहरूले कागलाई मन नपराउने कसमै खाएजस्तो छ। मानिसहरूका दिमागका ढोका पनि तिम्रा जस्तै बन्द छन्, बुझ्यौ ?"

"मलाई मानिसहरूसित दाँज्ने काम नगर त !" परेवीले विरोध जनाउँदै भनी। उसको यस भनाइमा मानिसहरूप्रतिको उसको धारणा अलि बदलिँदै गएको बुझिन्थ्यो।

कौवा भन्दै गयो, "मानिसहरूको अति प्रियपात्र बन्नु पनि राम्रो होइन। त्यसले समस्या खडा गर्छ। हेर मैयाँ, मानिसहरू परेवालाई यतिबिघ्न मन पराउँछन् कि उनीहरू परेवालाई खान्छन् पनि। बजारमा आजकाल ब्रोइलर कुखुरा छ्यापछ्याप्ती पाइने भएरमात्रै हो, नत्र मानिसहरूले एउटै परेवा पनि छाड्ने थिएनन्। यो कुरा पनि याद गर कि मानिसहरू आफूले मन नपराउने कौवा, चील, गिद्धजस्ता चराहरूलाई खाँदैनन्। तर तिनै मानिस कालिज, ढुकुर, मजुर र परेवाहरूलाई भने छाड्दैनन्।"

अब आएर कौवाका कुराले परेवीलाई निकै घत पऱ्यो। मानिसहरूले परेवालाई उसो त केही गरेका थिएनन्, तर बेलाबखत छिमेकका परेवाहरू गुँडबाट हराउने गरेको त हो नै। अँध्यारामा घरबेटीको हात आएर परेवालाई गुँडबाट समातेर लैजान्छ र त्यसरी समातेर लगेका परेवालाई मानिसहरू राति 'रोस्ट' बनाएर खान्छन् भन्ने परेवीले सुनेकीसम्म थिई, पत्याएकी थिइन।

त्यसपछि कौवाले आफ्ना जातिका गुणहरूको बखान गर्न

थाल्यो। "हामी कौवा त साह्रै मिलनसार प्राणी पो हौँ त। हामी आफ्नो समुदायको एकदमै ख्याल राख्छौँ। हाम्रो अथवा अरू कसैको बसोबासनजिक बाँदर वा बिरालो लस्किएको देख्नेबित्तिकै हामी सबै एकसाथ उडेर होहल्ला मच्याउँछौँ। यसो गर्दा ती आततायीहरू डराएर भाग्छन्। चील अथवा बाज हाम्रा बचेराहरूमाथि झम्टन आउँदा पनि हामी त्यसै गर्छौं। हामी यसरी उड्दै कराएका देखेर मानिसहरू हामीलाई हल्लाबाज भन्दछन्। तर तिनीहरूले कहिल्यै सोचेका छन्, हामी किन यसो गर्छौं भनेर? अहँ!"

कौवा अगाडि भन्दै गयो, "बुझ्यौ, हामी कौवाहरू अरू पन्छीहरू हेरी ज्यादै चलाख छौँ। हामी कुन बिरालो पानी खान खोजिरहेछ र कुन बिरालो चरो समात्न झाडीमा ढुकिरहेछ भन्ने छुट्ट्याउन सक्छौँ। अरू चरा मानिसले लिएर हिँड्ने त्यो लौरो हो कि बन्दुक हो, केही छुट्ट्याउन सक्तैनन्। हामीलाई त्यसको भेद थाहा छ। तिमीलाई थाहा छ, मानिसहरू घरमा पहरा गर्ने कुकुरलाई 'वाचडग' भन्छन् नि। त्यस्तै, हामी कौवालाई 'वाचबर्ड' भने हुन्छ।"

"अब जहाँसम्म रङको कुरा हो, त्यसले मेरो व्यक्तित्वमा के फरक पार्छ, भन त नानी? मेरो घाँटीवरिपरि खरानी रङको पेटारो छ, टलक्क टल्किएका काला प्वाँखहरू छन्। यो शानदार लामो र बलियो थुतुनो छ। यी सबै कारण त म 'ज्याक-ड' भएँ।"

सुन्दरी परेवीलाई आफूले कौवाप्रति गलत धारणा बनाएको रहेछु भन्ने लाग्न थालिसकेको थियो। त्यसैले उसले भनी, "आफ्ना जातिका विषयमा त तिमीले धेरै राम्रा कुरा सुनायौ। हामी परेवाहरूका बारेमा तिम्रा नराम्रा धारणा पनि अवश्य होलान् बताऊ त।"

"ठीक भन्यौ, सुन, म छोटकरीमा भन्छु," कौवाले जवाफ दियो। "परेवाहरू वास्तवमा बडो काँतर प्राणी हुन्। तिमीहरू हामीजस्तो मनको कुरा खुलाएर भन्नै सक्तैनौ। 'घुरघुर' को रटान लगाउनुबाहेक तिमीहरू केही भन्न जान्दैनौ। तिमीहरू व्यक्तिवादी हौ, केवल आफ्नै बारेमा मात्र सोच्छौ। हामीले झैँ तिमीहरूले अरू प्राणीलाई मदत पुऱ्याएको मैले कहिल्यै देखेको छैनँ। तिमीहरू मानिसमाथि पूरै निर्भर छौ। मानिसहरूले आफ्ना घरवरपर तथा मन्दिरमा परेवाहरूलाई भनेर चारा नफ्याँक्ने हो भने तिमीहरू भोकै मर्ने थियौ। आफ्नो गुँड रूखमा बनाउनुको सट्टा तिमीहरू मानिसको आश्रय खोज्छौ। अनि अर्को कुरा, आफू खुबै सफासुग्घर छु भनी धाक नलगाऊ, बैनी! हामी कौवा आफ्ना गुँडलाई सफा र चिटिक्क राख्छौँ। तर मैले तिमीहरू कसरी बस्छौ, त्यो देखेको छु। तिमीहरूले झ्यालका ऐनामा र डिलमा बिस्ट्याएर जसरी फोहर पार्छौ नि, त्यसबाट त मानिसहरू पनि आजित छन्!"

"ओहो हामी त्यतिका खराब छौँ र!" वाल्ल परेर परेवीले भनी।

"हो, बैनी, हो। अनि तिमी परेवाहरू सधैँभरि एकनासको जिन्दगी बिताउँछौँ। तिमीहरूले कहिल्यै पनि कुनै नयाँ-नौलो र असाधारण काम गर्न खोजेको मैले देखेकोसुनेको छैनँ।"

परेवीलाई यो कुरा होजस्तो लाग्यो। किनभने आफैँले कुनै असाधारण काम गरेको सम्झना पनि उसलाई थिएन। परेवा त्यही गर्छन्, जो पहिल्यैदेखि परेवाहरूले गर्दै आएका छन्।

यतिन्जेलमा त बोलक्कड कौवाका कुराले परेवी निकै प्रभावित भइसकेकी थिई। उसलाई कौवाबाट अझै धेरै कुरा सिक्न मन लाग्यो र त्यहाँ बस्ता-बस्तै उसलाई पनि आफ्नो जीवन चाखलाग्दो

बनाउने इच्छा जागेर आयो। उसले कौवातिर फर्केर बडो उत्सुकताका साथ भनी, "हेर, म पनि अब कुनै असाधारण काम गर्न तयार छु। हामी केही नौलो कुरा गरौँ, लौ न !"

कौवाले केही बेर सोच्यो। ऊ जब परेवीतिर फर्कियो, उसका आँखामा एककिसिमको चमक थियो। उसले भन्यो, "उसोभए अहिल्यै उडेर माथि आकासमा जाऔँ। पाटन-सहर रातको बेला कस्तो देखिँदो रहेछ, हेरौँ। जाने हो ?"

"तुरुन्तै ?"

"हो, अहिले ! यसै घडी !"

परेवी सहमत भई। अनि ती दुवै चरा नासपातीको रूखको हाँगा छाडेर तत्काल उडे।

त्यसबेला निकै ढिलो भइसकेको थियो। उनीहरू एक-आपसमा विवाद र छलफल गरिरहेकै बेला घाम अस्ताइसकेको रहेछ। बरालिएका एक-दुई चराहरू हस्याङफस्याङ गर्दै आफ्ना घरतर्फ हानिँदै थिए। बाँकी पन्छीहरूको संसारले रातका लागि विश्राम लिइसकेको थियो। तर यता घरपालुवाजत्तिकै भइसकेकी परेवी र घरपालुवा हुनै नसक्ने कौवाको त्यो जोडी भने एउटा नौलो साहसिक यात्रामा निस्किसकेको थियो।

उनीहरूले बाँसघारीको चक्कर मारे र आफ्ना पखेटालाई जोडसित फडफडाउँदै अझ माथि उड्दै गए। छिट्टै उनीहरू पाँचसय फिटजतिको उचाइमा पुगे। पखेटा चलाउने मिहिनेतले गर्दा उनीहरू एकआपसमा बोल्न सक्ने अवस्थामा थिएनन्। इसाराले परेवीले अरू कति माथि जाने भनेर कौवालाई सोधी। कौवाले मुन्टो हल्लाएर अहिले अझै उड्नु छ भन्ने सङ्केत दियो।

एवम् रीतले आकासिँदै ती दुई कति माथि पुगे भने तल

सहरका बत्तीहरू आकासका पिलपिले ताराझैँ देखिन लागे। त्यसबेला उनीहरू यस्तै दुईहजार फिटजतिको उचाइमा पुगेका थिए होलान्। अनि एकाएक कौवाले आफ्ना पखेटालाई फड्फडाउन छाडेर तिनलाई फैलायो र सलल्ल गोता मार्न लाग्यो। परेवीले पनि त्यसै गरी।

"तिमीले यसरी पखेटा नचलाई पहिले पनि गोता मारेका छौ?" स्वाँ-स्वाँ गर्दै परेवीले सोधी। कौवालाई पनि हावाले अइँ अइँ पारेको थियो। त्यसैले केही बेरसम्म सास तानेर उसले जवाफ दियो, "धेरैपटक यसरी उडेको छु। तर यति अबेर उडेकोचाहिँ आज पहिलोपटक हो। यसबेला सबैथोक कति सुन्दर देखिँदा रहेछन्, हेर त।"

त्यस उचाइमा रात परिसकेको बेला हावा चिसो थियो। गाडी र मान्छेको हल्ला पटक्कै थिएन। डिजेलगाडीको धूवाँ पनि थिएन, कारहरूले उडाउने धूलो पनि थिएन र फोहरमैलाको दुर्गन्ध पनि तल कता हराइसकेको थियो। अरू चराहरू त त्यहाँ त्यसबेला हुने कुरै भएन। सिङ्गै कालो आकासमा कौवा र सुन्दरी परेवीको जोडी गोता मार्दै थियो।

बिस्तारै जमिनतिर झर्ने क्रममा सुन्दरी परेवीले आफ्नो पखेटामुन्तिर विशाल चम्किएको कार्पेट देखी, पाटन-सहरका घर, सडक तथा बहालहरूमा बलेका बिजुलीबत्तीहरू मिलेर बनेको सतरन्जा। केही पर्तिर बाग्मती मुलमाथिका बत्तीहरू पनि देखिन्थे र त्यसभन्दा उता काठमाडौँ-सहर झलमलाइरहेको थियो।

"त्यो झिलिकझिलिक गरिरहने उज्यालो बत्तीचाहिँ के हो?" परेवीले सोधी।

कौवाले भन्यो, "त्यो पशुपति मन्दिरछेउको हवाईजहाज उत्रने



गौचर हो। त्यो झिलिकझिलिक गर्ने बत्तीले पाइलटलाई उत्रने ठाउँ कता हो भन्ने बताउँछ।"

त्यसपछि उनीहरू नबोली अरू केहीबेर पखेटा फिँजाएर उडी नै राखे। अनि पहिले कहिल्यै यति माथि, यति राति नउडेकी परेवीलाई आजलाई रमाइलो पुग्योजस्तो कौवालाई लाग्यो। उसले भन्यो, "हामी पन्छीहरूलाई बाटो देखाउन कुनै झिलिकझिलिक बत्तीको दरकार पर्दैन। हामी सोझै तल झरे भइहाल्छ।"

अनि कौवालाई उट्पट्याङ विचार सुझ्यो। "अघि म बाँसघारीमाथि ढुङ्गा खसेझैँ खसेको थिएँ नि? त्यसरी नै झर्ने हो?"

परेवीले केही अनकनाउँदै भनी, "हुन्छ, तर तिमीले मलाई सिकाउनुपर्छ।"

कौवाले तल झर्ने तरिका सिकायो : "पहिले त फैलिएका पखेटालाई जीउमा टम्म टँसाऊ। दुवै खुट्टालाई भित्रपट्टि खुम्च्याउन पनि नबिर्सनू। त्यसो गर्दा आफैँ झरिन्छ। झर्दा सुरुमा चक्कर लाग्छ तर त्यो एकैछिनमा हराउँछ। टाउकोलाई दह्रो गरी राख्नु, नत्र हावाको जोडले तिम्रो मुन्टो बटारिएला। जमिनमा पुग्ने बेला हावाले गर्दा पखेटा खोल्न गाह्रो पर्छ नि! होस गर्नू। खूब बल लगाएर आफ्ना बन्द पखेटालाई खाल्नुपर्छ, अनि त्यही नासपातीको बोटमा उत्रौँला।"

सुन्दरी परेवीलाई केही डर लाग्यो। तर जिन्दगीमा कहिल्यै नगरेको र केही घण्टाअघिसम्म गर्ने कल्पना पनि नगरेको यस्तो सफर गर्न पाएकोमा उसलाई गद्गद पनि लागेको थियो।

उनीहरू दुवै हाराहारी उडिरहेका थिए। कौवाले सुन्दरी

परेवीतिर फर्किएर सोध्यो, “तयार हो ?”

डर मानीमानी परेवीले सहमतिको टाउको हल्लाई ।

पखेटा बन्द गरेर परेवी र कौवा रातको आकासबाट जमिनतिर खसे । सुरुमा एक निमेषका लागि परेवीलाई आफ्नो मुटु नै बन्द भा’जस्तो भयो, तर त्यो डर एकैछिनमा हरायो । उँधोमुन्टो गरेर हानिँदा हावाको जोडले परेवीका आँखा झन्डै चिम्मै भए । तैपनि चिम्सेआँखा पारेर तलतिर हेर्दा सहरका झलमल बत्तीहरू उसलाई स्वागत गर्न बिस्तारै मास्तिर आइरहेको देखी । उसले आफ्नो दाहिनेतर्फ हेरी । कौवा पनि उही तरिकाले झरिरहेको थियो । परेवीले केही बिराउली कि भनेर उसमाथि ध्यान दिइरहेको थियो ।

अझ केही तल खसेपछि हावाको हुइँ-हुइँमाथि कौवाले चिच्याएर भन्यो, “ए बैनी ! अब तिम्रा पखेटा खोल !”

कौवाले अह्राएबमोजिम सुन्दरी परेवीले पेखटा खोल्न खोजी, तर हावाको चापले गर्दा उघार्न सकिन । जीउमा टाँसिएका उसका पखेटाहरू खुल्दै खुलेनन् ।

“सकिनँ !” आत्तिँदै, परेवी कराई ।

“बल गर, छिटो, छिटो ! बल गर !” कौवा चिच्यायो ।

अब त सडकका बत्तीहरू एकदम रफ्तारमा माथि आइरहेथे । परेवीले भित्रदेखिन्को बल निकालेर एकचोटि फेरि पखेटा खोल्ने प्रयत्न गरी । खूब जोड लगाएपछि पहिले त उसका पखेटा अलिकति मात्र खुले, त्यसपछि हावाले समातेपछि भने एक्कासि पूरै खुले । बेगले खसिरहेकी परेवी ह्वात्तसँग मास्तिर उड्न लागी । अनि ऊ ढुक्क भई ।

तर कौवाले भने त्यसो गर्न पाएन ।

परेवीलाई जोगाउने सुरमा आफ्नै बचाउ गर्ने होस उसलाई भएन। केहीछिनमै उसले आफूलाई सम्हाल्ने कोसिस त गऱ्यो, तर ढिलो भइसकेको थियो। ऊ नासपातीको रूखमा बज्रियो र त्यसका हाँगाहरूमा ठोक्किँदै भुइँमा खस्न पुग्यो। भुइँमा पुगुन्जेल कौवा प्राणहीन भइसकेको थियो। केही क्षणअघिसम्म त्यस्तो फुर्तिलो त्यस प्राणीको जीवनलीला समाप्त भयो।

सुन्दरी परेवीले नासपातीको रूखमाथि उड्दाउड्दै त्यो दृश्य देखिसकेकी थिई। ऊ त्यही हाँगामा आएर बसी जहाँ केही समयपहिले ती दुईको चर्को बहस भएको थियो। भुइँमा लमतन्न परेको कौवालाई परेवीले मुन्टो निहुऱ्याएर हेरी। इन्तु न चिन्तु भएर ऊ त्यहाँ बसी नै राखी।

उसका कानमा कौवाका जीवन्त कुराहरू गुन्जिरहे। ऊ रोई। अनि कौवालाई आफ्नो मनभित्र सधैँका लागि जिउँदो राखिराख्ने अठोट गरी। एउटा साँझभरिमा कौवाले बाँच्नुको महत्त्व के हो भन्ने कुरा उसलाई बुझाएर गएको थियो।

यिनै कुरा सोच्ता-सोच्तै सुन्दरी परेवी निदाउन पुगी। ऊ बिउँझँदा त झलमल्ल भइसकेको थियो। उसले गए रातिका घटनाहरूलाई सम्झँदै मनमनै भनी, “ती सबै सपना थिए, पक्कै पनि ! कौवाजस्तो मित्रलाई म गुमाउन चाहन्नँ। *प्लीज, प्लीज !* उसको मृत्युलाई समनाको कुरा बनाइदेऊ !”

कम्पित हृदय लिएर उसले तल भुइँमा हेरी। काला प्वाँखहरूको गुजुल्टो त घाँसमाथि छँदै थियो। कौवा साँच्चि नै मरिसकेको थियो। तर मर्नुअघि उसले परेवीलाई जीवनको उपहार दिएर गएको थियो।

